वर्ष ७

अङ्क ३

चैत्र, २०८१

नेपाल सरकार

# उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

# बुलेटिनभित्र......

१. तथ्याङ्कमा उद्योग

२. नीति, कानून, कार्यविधि तर्जुमा/संशोधन

३. स्टार्टअप प्रवर्द्धन

४. आपूर्ति तथा उपभोक्ता संरक्षण

५. वाणिज्य क्षेत्र

६. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)

७. मन्त्रालयका औद्योगिक प्रवर्द्धन सम्बन्धी विविध गतिविधिहरु

**सम्पादकीय**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले औद्योगिक विकास, लगानी र उत्पादनशील क्षेत्रका क्रियाकलाप र तिनको उपलव्धी सम्वन्धित सरोकारवाला समक्ष सम्प्रेषण गर्न त्रैमासिक रूपमा उद्यमशीलता बुलेटिन प्रकाशन गर्ने गरेको छ। उद्यमशीलता बुलेटिनको यो अंकमा औद्योगिक विकास तथा लगानी प्रवर्द्धनका लागि मन्त्रालय र मातहत निकायबाट चालु आर्थिक वर्ष २०८१।०८२ को तेस्रो त्रैमासिकमा सम्पादन भएका कार्यहरू र प्रमुख उपलब्धिहरु समेटिएका छन्।

चालु आर्थिक वर्षको चैत्र मसान्तसम्म मन्त्रालयले विविध नीतिगत र कार्यक्रमगत प्रयास मार्फत औद्योगिक वातावरण सुधार तथा उद्योग व्यवसायलाई सहजीकरण सम्बन्धी कार्य गरेको छ। उद्योग र लगानी प्रवर्धनको लागि सकारात्मक योगदानको वातावरण तयार गर्न आवश्यक कानूनी तथा नीतिगत व्यवस्थाका लागि अध्ययनका कार्यहरु प्रारम्भ भएको छ।


आर्थिक विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि औद्योगिक क्षेत्रमा लगानी बढाई उत्पादन अभिवृद्धिमा जोड दिनुपर्छ। यसको लागि औद्योगिक वातावरण लगानीमैत्री बनाउन नीतिगत पृष्ठपोषणका लागि सम्बन्धित सरोकारवाला सबैमा हार्दिक अनुरोध छ। सम्पादक मण्डल।

## १. उद्योग विभाग

### १.१ उद्योग दर्ता

चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिममा उद्योग विभागमा जम्मा ६८ वटा र सो अवधिसम्ममा उद्योग विभागमा जम्मा ५५४ वटा उद्योग दर्ता भएका छन्। चालु आ.व.को तेस्रो त्रैमासिक अवधिमा दर्ता भएका उद्योगमा रु १७.१८ अर्व लगानी तथा २९९१ रोजगारी प्रस्ताव भएकोमा चालु वर्षको सो अवधिसम्म दर्ता भएका उद्योगहरुमा रु. २०० अर्व ०.५ करोड प्रस्तावित लगानी र २८९९३ रोजगारी प्रस्ताव भएको छ। चालु आ.वको तेस्रो त्रैमासिक अवधिमा दर्ता भएका जम्मा उद्योग मध्ये ठूला उद्योगको संख्या ६, मझौला उद्योगको संख्याः ११ र साना उद्योगको संख्याः ५१ रहेकोमा सो अवधिसम्म ठूला उद्योगको संख्याः ५१, मझौला उद्योगको संख्याः ४० र साना उद्योगको संख्याः ४६३ रहेको छ।

चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिसम्मको उद्योग दर्ता, लगानी तथा रोजगारीको अवस्थालई तलको वृत्तचित्रमा देखाइएको छ।




**स्रोतः उद्योग विभाग**

### १.२ विदेशी लगानीः

चालु आ.व. को तेस्रो त्रैमासिक अवधिमा उद्योग विभागबाट ९७ वटा र सो अवधिसम्ममा उद्योग विभागबाट ५७६ वटा विदेशी लगानीका आयोजना/उद्योगहरु स्वीकृत भएका छन्। सो मध्ये स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत भएका उद्योगहरुको सङ्ख्या क्रमस: ५८ र २८२ रहेको छ। उद्योगहरुमा तेस्रो त्रैमासिक अवधिमा कुल रु ९.०९ अर्व र सो अवधिसम्ममा कुल रु. ५७.०७ अर्व विदेशी लगानी प्रस्ताव भएको छ। यसैगरी प्रस्तावित विदेशी लगानीका परियोजनामा चालु आवको तेस्रो त्रैमासिक अविधमा कुल २५९३ र सो अवधिसम्ममा कुल १४७१९ रोजगारी सिर्जना हुने प्रस्ताव गरिएको छ।

### १.३ पेटेन्ट, डिजाइन र ट्रेडमार्कः

चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिसम्ममा उद्योग विभागमा पेटेन्ट दर्ता संख्या १ वटा मात्र रहेको छ। चालु आ.व.को तेस्रो त्रैमासिक अवधिमा विभिन्न वस्तु तथा सेवाका २७६ वटा ट्रेडमार्क दर्ता भएकोमा सोहि अवधिसम्ममा कुल ३,६८७ वटा ट्रेडमार्क दर्ता भएका छन्। त्रैमासिक अवधिमा कारवाही किनारा लगाइएका ११ वटा ट्रेडमार्क मुद्दाको सहित सोहि अवधि सम्ममा १३१ मुद्दाको कारवाही किनारा लगाइएको छ। ट्रेडमार्क दर्ता पूर्ण रुपमा अनलाईन प्रणालीबाट गर्न Trademark, Patent, Design Registration Management Information System (TPDRMIS) को कार्यान्वयनलाई प्रभावकारी बनाउदै लगिएको छ।

## २. नीति, कानून, कार्यविधि तर्जुमा/संशोधनः

लघु, घरेलु तथा साना उद्योग राष्ट्रिय नीति, २०८१, सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग सम्बन्धी निर्देशिका, २०८१, औद्योगिक तथा लगानी प्रवर्द्धन कोष, कार्यविधि, २०८१ मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ मार्फत कम्पनी ऐन, २०६३, विशेष आर्थिक क्षेत्र ऐन, २०७३,

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५, औद्योगिक व्यवासय ऐन, २०७६ मा संशोधन गरिएको मा प्रतिस्थापन विधेयक स्वीकृति भई ऐनको रुपमा जारी भई कार्यान्वयनमा आएको छ। औद्योगिक व्यवसाय (प्रथम संशोधन) नियमावली, २०८१ मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।

औद्योगिक बौद्दिक सम्पत्ति सम्बन्धी कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक,२०८१ र खानी तथा खनिज पदार्थ नियमावली (पाँचौ संशोधन, २०८१ मन्त्रिपरिषद्मा स्वीकृतिको लागि पेश गरिएको छ। स्टार्टअप उद्यम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ र उद्यम सम्वर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को मस्यौदा तर्जुमा भई राय/सहमती लिने क्रममा रहेको छ।

कम्पनी ऐन, २०८१ को मस्यौदा र व्यावसायिक सामाजिक जिम्मेवारी कार्यान्वयन कार्यविधि, २०८१ को मस्यौदा उपर राय सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको छ। वस्तु वा सेवाको उत्पादन गर्न एक आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सबकन्ट्र्याक्ट) सम्बन्धी मापदण्ड, २०८१ र कच्चापदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा ल्याइएको छ।

## ३. स्टार्टअप प्रवर्धन

### ३.१ स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि २०८१ बमोजिम स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन तथा कर्जा सिफारिस

स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यक्रम २०८१ अन्तर्गत २०८१ भाद्र ११ गते प्रस्ताव आह्वान गरेकामा कुल ५,१५८ परियोजना प्रस्ताव प्राप्त भएकोमा प्राप्त परियोजना प्रस्तावको परियोजनाको नाम ठेगानासहितको सूची प्रतिष्ठानको वेबसाइटमा प्रकाशित गरिएको छ। मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी १,३१४ परियोजना योग्य सूचिमा परेको सूचना २०८१/०९/१९ मा प्रकाशित गरिएको छ। सूचीमा परेका परियोजनाहरुको व्यवसायिक योजना प्रस्तुतीकरण कार्य पौष २८, २०८१ बाट भैराखेको छ। गत आ.वा.मा प्रवाह गरेको स्टार्टअप कर्जा प्राप्त उद्यमीबाट २०८१ पुषसम्म सावाँ र ब्याज बापत उद्यमीबाट रु ८३ लाख प्राप्त भैसकेको।

### ३.२ व्यवसाय सम्बर्द्धन केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अभिमूखीकरण कार्यक्रमः

बागमती प्रदेशको हेटौंडामा, सुदूरपश्चिम

प्रदेशको धनगढीमा र गण्डकी प्रदेशको पोखरामा व्यवसाय सम्बर्द्धन केन्द्र स्थापना तथा सञ्चालन र स्टार्टअप उद्यम कर्जा कार्यक्रम सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। अभिमुखीकरण कार्यक्रम प्रदेशका उद्योग क्षेत्र हेर्ने मन्त्रालयको सहकार्यमा, साझेदार संघसंस्थाहरु, शैक्षिक संस्थाहरु तथा निजी क्षेत्रका उद्यमी संस्थाहरुको प्रतिनिधि, स्टार्ट अप उद्यमी तथा सरकारी निकायका प्रतिनिधिहरुको उपस्थितीमा सम्पन्न गरिएको छ।

## ४. आपूर्ति तथा उपभोक्ता संरक्षण

२०८१ चैत्र २ गतेदेखि काठमाण्डौ उपत्यका कार्यक्षेत्र तोकी उपभोक्ता अदालत गठन भई त्रिपुरेश्वर कार्यालयबाट कार्य थालनी गरेको ।

## ५. वाणिज्य क्षेत्र

### ५.१ व्यापार नीति समीक्षा (Trade Policy Review, TPR) सम्बन्धी तयारी कार्यशाला गोष्ठी सम्पन्न

नेपालको व्यापार नीतिको तेस्रो समीक्षाको तयारी तथा विश्व व्यापार संगठनबाट माग भए बमोजिम तयारी तथा तयार गर्न यस मन्त्रालयको राष्ट्रिय प्रतिवेदनको प्रारम्भिक खाका तयार गर्न यस मन्त्रालयले मिति २०८१ फागुन २२ र २६ गते २४ वटा मन्त्रालय/विभाग/निकायका सहभागितामा व्यापार नीति समीक्षा (Trade Policy Review, TPR) सम्बन्धी तयारी कार्यशाला गोष्ठी सम्पन्न गरेको छ । सन् २०२५ मा नेपालको व्यापार नीतिको पुनरावलोकन तथा राष्ट्रिय, कानूनी, प्रक्रियागत तथा संस्थागत सुधार एवं परिवर्तनका जानकारी विश्वस्तरमा प्रस्तुत गर्न प्रारम्भिक रुपमा प्रतिवेदन तयार गरिएको छ ।

व्यापार नीति समीक्षा विश्व व्यापार संगठनका सदस्य राष्ट्रहरुको व्यापारसँग सम्बन्धित नीति, कानून, प्रक्रियागत व्यवस्था तथा संस्थागत संरचनाको विश्लेषण गरी आर्थिक रुपमा समीक्षा गर्ने प्रचलन हो । यस क्रममा सदस्य राष्ट्रको व्यापार नीतिगत प्रतिवेदन र विश्व व्यापार संगठनको सचिवालयबाट सदस्य राष्ट्रको आर्थिक तथा व्यापार संरचनाको विस्तृत प्रतिवेदन प्रकाशन हुने व्यापार नीति समीक्षाको प्रक्रियाका रुपमा लिइन्छ ।

नेपालको व्यापार नीतिको तेस्रो समीक्षा सन् २०२५ नोभेम्बर १७ र १९ मा विश्व व्यापार संगठनको मुख्यालयमा तय भएको छ । यस समीक्षाले नेपालले अंगीकार गरेको व्यापार नीति र कानूनी तथा संस्थागत व्यवस्थाको सम्बन्धमा विश्व व्यापार संगठनको सदस्य राष्ट्रलाई जानकारी गराउने प्रयास एवं वैदेशिक

लगानी एवं घरेलु व्यापारको क्षेत्रमा भएका नीतिगत र कानूनी व्यवस्थाका सञ्चार गर्न एक महत्वपूर्ण अवसर हुन्छ।

यस कार्यशालाबाट प्राप्त पृष्ठपोषणले नेपालको व्यापार नीतिको तेस्रो समीक्षाको तयारीका लागि महत्वपूर्ण योगदान पुग्ने यस मन्त्रालयले अपेक्षा गरेको छ ।

## ५.२ सरोकारवालासँग छलफल सम्पन्न

नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुकबाट विकसित मुलुकमा स्तरोन्नति भए पश्चात स्वदेशी वस्तुको उत्पादन तथा उत्पादकत्व प्रवर्धन गर्न अन्तर्राष्ट्रिय बजार सुनिश्चित गर्ने सम्बन्धमा मन्त्रालयले मिति २०८१ चैत्र ८ गते सरोकारवालासँग छलफल तथा सुझावका कार्यक्रम गरेको छ ।

स्तरोन्नतिपश्चात् अन्तर्राष्ट्रिय व्यापारमा देखिने सम्भावित चुनौतीहरूको सामना गर्न र प्राप्त हुने अवसरहरूको उपयोग गर्न आवश्यक रणनीति तय लागि सरोकारवालाबाट विस्तृत समीक्षा भएको छ। उक्त समीक्षा कार्यक्रम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका मा. मन्त्री श्री दामोदर भण्डारीज्यूको अध्यक्षतामा प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित संरक्षण समिति सभापति तथा प्रतिनिधि सभाका माननीय सदस्यहरू, विभिन्न मन्त्रालयका सचिव, सहसचिव, महानिर्देशक, युरोपियन युनियनका महामहिम राजदूत तथा अन्य प्रतिनिधिहरू, निजी क्षेत्रका छाता संस्थाका अध्यक्ष/प्रतिनिधि तथा प्राज्ञिक र अनुसन्धानात्मक संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

उद्योग सचिव श्री कृष्ण बहादुर राउतले औद्योगिक तथा व्यावसायिक वातावरण सुधारको लागि मन्त्रालयले गरेको प्रयासहरू, तथा प्रगतिशील एवं संस्थागत सुधारको लागि चालेका कदमहरूको चर्चा गर्दै नेपाल विकासशील राष्ट्रमा स्तरोन्नतिको पूर्वतयारी एवम् आगामी वर्षमा हुने कार्यक्रमको तयारीको लागि सूचना प्राप्त गर्न समेत यो कार्यक्रम महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।

वाणिज्य तथा आपूर्ति सचिव श्री गोविन्द बहादुर कार्कीले उद्योग, व्यापार तथा आपूर्ति क्षेत्रमा हुने गरेका नीतिगत एवं कानूनी सुधारका प्रयासहरूको चर्चा गर्दै उल्लिखित नीतिको कार्यान्वयन सम्बन्ध सरकारी तथा निजी क्षेत्रको प्रतिबद्धताको लागि अनुरोध गर्नुभयो । साथै उद्योग, लगानी, व्यापार प्रबर्धनका लागि गरिने थप सुधारका लागि राय सुझाव तथा

सुझाव प्राप्त गर्ने कार्यक्रम आयोजना गरको जानकारी गराउनुभयो ।

कार्यक्रममा उद्योग तथा वाणिज्य क्षेत्रका मध्ये निजी तथा कानूनी सुधारका प्रयास सम्बन्धमा मन्त्रालयका सहसचिव श्री जितेन्द्र बस्नेतले प्रस्तुतीकरण गर्नुभएको थियो । त्यसैगरी व्यापार तथा वाणिज्य क्षेत्रको सुधारको लागि तर्जुमा भएका वाणिज्य नीति, अल्पविकसित मुलुकबाट विकसित मुलुकमा स्तरोन्नतिपश्चात् पर्ने अवसर व्यक्तिगतका लागि मन्त्रालयले तर्जुमा गरेको वाणिज्य क्षेत्रको रणनीतिक योजना लगायतका विषयमा मन्त्रालयका सहसचिव श्री देवराज जोशीले प्रस्तुतीकरण गर्नुभयो ।

छलफलको क्रममा निजी क्षेत्रका छाता संस्थाका अध्यक्ष/प्रतिनिधि, उद्योग तथा वाणिज्य क्षेत्रका विज्ञ, प्राज्ञिक तथा अनुसन्धानात्मक संस्थाका प्रतिनिधिहरू, पूर्व सचिव समेतले यस क्षेत्रमा चालुहनने क्रममा विषयमा आफ्नो धारणा व्यक्त गर्नु भएको थियो ।

त्यसैगरी, प्रतिनिधि सभाका माननीय सदस्यहरुले हालै सरकारबाट स्वीकृत भएको विद्युतीय व्यापार (ई- कमर्स) ऐनको प्रभावकारी कार्यान्वयनका साथै थप नीति तथा संस्थागत सुधार गर्नुपर्नेमा जोड दिनुभएको थियो । प्रतिनिधि सभाका माननीय सदस्य रमा कोइरालाले फलफूल, तरकारी, मौलिक उत्पादन तथा हस्तकलाका बस्तु उत्पादन तथा निर्यात प्रवर्द्धनमा जोड दिनुपर्ने कुरा व्यक्त गर्नुभयो। प्रतिनिधि सभाका माननीय सदस्य हेमराज राईले साना तथा मझौला उद्योगलाई प्रवर्द्धन गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने विषयमा जोड दिनु भयो।

प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य एवं श्रम तथा उपभोक्ता हित संरक्षण समितिका माननीय सभापति अब्दुल खानले साझा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यसम्पादनको प्रशंसा गर्दै देशलाई उन्नति तर्फ लैजानु सबैको साझा दायित्व रहेको बताउनु भयो। साथै, नियमनमुखी नीतिको प्रवर्तन गर्दै स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग र लगानीलाई प्रोत्साहन गरी निर्यात बढाउन तयार गर्नुपर्ने उल्लेख गर्नुभयो। विकासशील राष्ट्रमा नेपालको सहज स्तरोन्नतिका लागि आवश्यक कानूनी तथा नीतिगत सुधारहरुका लागि आफ्नो सहयोग रहने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो।

कार्यक्रमको अध्यक्षता गर्दै माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री भण्डारीले अन्तर्राष्ट्रिय व्यापारमा नेपालको प्रतिस्पर्धात्मक स्थितिलाई सुरक्षित राख्न सरकार, निजी क्षेत्र र विकास साझेदारहरु बीचको समन्वयात्मक

प्रयास जरुरी रहेको बताउनु भयो। सरकार व्यापार सहजीकरणलाई सुदृढ पार्न, औद्योगिक उत्पादनहरु बढाउन र विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा प्राप्त हुने अवसर तथा चुनौतीहरुलाई महत्तम उपयोग गर्दै द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सम्झौताहरुबाट लाभ उठाउन सरकार पूर्ण रुपमा प्रतिबद्ध रहेको विचार व्यक्त गर्नुभयो। मन्त्रालयले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् वार्षिक वजेट तथा कार्यक्रम तर्जुमाको क्रममा सम्पूर्ण सरोकारवालाको सहयोग र समन्वय आवश्यक पर्ने हुँदा सल्लाह तथा सुझावलाई आत्मसात गरेर अगाडी बढ्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो।

विकासशील राष्ट्रमा स्तरोन्नतिको सन्दर्भमा मुलुकको उत्पादन, उत्पादकत्व, गुणस्तर बृद्धि मार्फत निर्यात व्यापार प्रवर्द्धन कार्यमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको महत्वपूर्ण भूमिका रहेको छ। उद्योग तथा व्यापार क्षेत्रको विकासको कार्य बहुनिकाय र बहुआयमिक प्रकृतिको भएकोले यी क्षेत्रको विकासमा तीनै तहका सरकारी निकाय, निजी क्षेत्र, विकास साझेदारको सामूहिक प्रयास आवश्यक पर्ने भएकाले मन्त्रालयबाट उद्योग, लगानी, व्यापार प्रवर्द्धनमा हुने सुधारका नीतिगत तथा कानुनी सुधारको बारेमा अभिमुखीकरण गरी सबै पक्षको साझा प्रतिवद्धता सहित उच्चस्तरीय अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भयो।

## ५.३ गणतन्त्र मोल्डोभाका उपप्रधान तथा परराष्ट्र मन्त्री श्री मिशेल पपसोईको नेपाल भ्रमण

मिति २०८१ चैत ०७ गते (तदनुसार २० मार्च २०२५। माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीज्यूसँग गणतन्त्र मोल्डोभाका उपप्रधान तथा परराष्ट्र मन्त्री श्री मिशेल पपसोईले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नु भयो। सो अवसरमा माननीय मन्त्रीज्यूले सन् १९९३ मा कूटनीतिक सम्बन्ध स्थापित भए देखिनै नेपाल र मोल्डोभाबीच मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको उल्लेख गर्नु भयो। कूटनीतिक सम्बन्ध स्थापनाको ३२ वर्षमा गणतन्त्र मोल्डोभाका उपप्रधानमन्त्रीज्यूको भ्रमण पहिलो आधिकारिक भ्रमण रहेको हुँदा उक्त भेटघाट कूटनीतिक सम्वन्धको दृष्टिकोणबाट महत्त्वपूर्ण उपलब्धी मात्र नभई आपसी सहकार्य र आर्थिक वृद्धिको नयाँ सम्भावनाहरू अन्वेषण गर्ने अवसर पनि रहेकोमा खुशी व्यक्त गर्नु भयो।भेटघाट द्विपक्षीय सम्बन्धलाई अझ मजबुत बनाउनको लागि गरिएको साझा प्रतिबद्धताको प्रतिविम्ब रहेको बताउनु भयो।

माननीय मन्त्रीज्यूले आगामी दिनहरुमा यस्ता उच्चस्तरीय भेटघाट मार्फत सम्बन्ध विस्तार गर्नुपर्ने र आपसी भेटघाट र साझेदारी मार्फत

दुई देशबीचको सम्बन्धले थप उचाई लिने विश्वास व्यक्त गर्नु भयो। दुई देशबीचको निरन्तर संवाद र सहकार्यका माध्यमबाट नयाँ सम्भावनाहरू पहिचान गर्न सकिने र दुबै देशका नागरिकलाई प्रत्यक्ष लाभपुन्याउने विषय उल्लेख गर्नु भयो।

माननीय मन्त्रीज्यूले हाल नेपाल-मोल्डोभा व्यापार कारोवार सीमित रहेको हुँदा यसलाई बिस्तार गर्नु पर्नेमा जोड दिँदै व्यापार तथा लगानीलाई प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप व्यवसाय अनुकूल वातावरण निर्माण, व्यापार सञ्चालनको सहजता वृद्धि र महामारीपछिको आर्थिक पुनरुत्यानताई सुनिधत्त गर्ने प्रतिवद्धताका साथ नेपाल अघि बढिरहेका विषय उल्लेख गर्नु भयो। साथै, दुई देशबीच सहकार्य गर्न सकिने क्षेवहरुमा कृषि, उद्योग, पर्यटन, नवीकरणीय ऊर्जा, सूचना प्रविधि, शिक्षाका क्षेत्रमा विद्यार्थी आदान प्रदान कार्यक्रम रहेको उल्लेख गर्नु भयो। त्यसैगरी, नेपालले कृषि उत्पादन, हस्तकला सामाग्री तथा तयारी पोपाक जस्ता उच्च गुणस्तरीय उत्पादनहरू निर्यात गर्ने अवसर खोजिरहेको सन्दर्भमा मोल्डोमासँग सहकार्य गर्ने सम्भावनाबारे चर्चा गर्दै यी क्षेत्रमा मोल्डोभाको लगानीलाई स्वागत गर्न ईच्छुक रहेको समेत बताउनु भयो।

छलफलको क्रममा गणतन्त्र मोल्डोभाका उपप्रधानमन्त्रीज्यूले नेपाल र मोल्डोभाचीच धेरै आयाममा समानता रहेको र जलवायु परिवर्तन, कृषि औद्योगिकीकरण र यान्त्रीकरण, शैक्षिक र सांस्कृतिक आदान-प्रदान जस्ता क्षेत्रमा साझेदारीको सम्भावना रहेको उल्लेख गर्नु भयो। साथै, नेपाली नागरिकहरुलाई मोल्डोभामा रोजगारीको सम्भावना रहेको चर्चा गर्दै यसमा थप साझेदारीको पहल गर्न सकिने विचार व्यक्त गर्नु भयो। माननीय मन्त्रीज्यूले दुई देशबीच निर्यात सम्भावना भएका क्षेत्रको प्रवर्द्धन र साझेदारीको विषयमा गणतन्त्र मोल्डोभाका उपप्रधानमन्त्रीज्यूको सकारात्मक प्रतिकियालाई प्रशंसा गर्दै आगामी दिनमा दुई देशका सम्बन्धित मन्त्रालयहरुको सहकार्य र सम्बन्ध विस्तारलाई थप प्रगाढ बनाउनु पर्ने विषयमा जोड दिनु भयो।

## ६. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)

स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ स्थानीय तह मार्फत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनमा रहेको छ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को सहजीकरणका लागि ४ जिल्लाका स्थानीय तहमा अनुगमन गरिएको छ।

## ७. मन्त्रालयका औद्योगिक प्रवर्द्धन सम्बन्धी विविध गतिविधिहरुः

### ७.१ औद्योगिक नीतिको मस्यौदामाथि राय सुझाव संकलनः

नेपालको संविधान कार्यान्वयनमा आई सकेपछि संविधानमा भएको व्यवस्थालाई समेत समेटि नयाँ नीति ल्याउनु पर्ने आवश्यकता रहेको। औद्योगिक नीति, २०६७ को दफा २६ मा नीतिको पुनरावलोकन तथा सुधार अन्तर्गत प्रत्येक पाँच वर्षमा नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको स्वतन्त्र रुपमा मूल्याँकन गरी नीतिमा



समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ भन्ने व्यवस्था रहेको। मौजुदा नीतिको पुनरावलोकन गरि परिवर्तित राष्ट्रिय, अन्तराष्ट्रिय तथा क्षेत्रिय वातावरणबाट सिर्जित दायित्व र अवसरहरुबाट उचित लाभ लिन मौजुदा औद्योगिक नीति २०६७ मा समसामयिक परिमार्जन गर्नु पर्ने भएकाले नयाँ औद्योगिक नीति २०८१ को मस्यौदा तयार भई सरोकारवाला निकायहरु र निजीक्षेत्रसँग छलफल तथा अन्तरक्रिया गरी राय सुझाव संकलन गर्ने कार्य भई रहेको छ। यस त्रैमासिक अवधिमा कोसी प्रदेशको विराटनगर, लुम्बीनीको बुटवल र मधेस प्रदेशको सिमरामा अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने कार्य सम्पन्न भएको छ र अन्य प्रदेशमा गर्ने योजना रहेको छ। यस कार्यक्रममा प्रदेश मुख्य मन्त्री तथा मन्त्रिप्रदेशको कार्यालय, प्रदेश स्तरीय उद्योग तथा वाणिज्य क्षेत्रसँग सम्बन्धित मन्त्रालय, निजीक्षेत्र, गैर सरकारी क्षेत्र तथा अन्य सरोकारवालाको उपस्थिति रहेको थियो। कार्यक्रममा नीतिको मस्यौदामाथि महत्वपूर्ण सुझावहरु प्राप्त भएका छन्।

## ७.२ प्रदेश उद्योग सचिव बैठक सम्पन्न

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आयोजनामा औद्योगिक विकास तथा लगानी प्रवर्द्धनका लागि संघ र प्रदेशका चालु आ.व. २०८१।०८२ को औद्योगिक विकास तथा लगानी प्रवर्द्धन सम्बन्धी कार्यक्रम, संघ र प्रदेश बीच समन्वयका विषय, संघ र प्रदेश बीच सहकार्य र साझेदारीमा कार्यान्वयन गर्नु पर्ने कार्यक्रम लगायत नीतिगत, कानूनी एवं कार्यविधिमा गर्नुपर्ने सुधारका विषयहरुलाई समेटी प्रदेश उद्योग हेर्ने मन्त्रालयका

सचिवहरुसँग मिति २०८१।११।१५ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री कृष्ण बहादुर राउतको अध्यक्षतामा समन्वय बैठक मन्त्रालयमा सम्पन्न भयो।



उक्त बैठकमा मन्त्रालयका महाशाखा प्रमुख तथा विभागीय प्रमुखहरुले मन्त्रालय तथा विभागहरुले प्रदेश मन्त्रालयसँग समन्वय र सहकार्य गर्नु पर्ने विषय तथा कार्यक्रमहरु प्रस्तुत गर्नु भएको थियो।

प्रदेश सचिवहरुले नीति, कानून तथा कार्यविधिमा सामञ्जस्यता कायम गर्नु पर्ने, उद्यम सम्वर्द्धन केन्द्र लगायत प्रदेशमा गएका नयाँ कार्यक्रममा संघले सहयोग गर्नु पर्ने, कर्मचारीको क्षमता विकासमा सहयोग गर्नुपर्ने, एकिकृत डाटावेश तयार गरी लागू गर्नुपर्ने लगायतका विषयहरु उठान गर्नु भएको थियो। बैठकको अध्यक्षता गर्नु भएका मन्त्रालयका सचिवज्यूले प्रदेश सचिवहरुले उठाएका विषयहरुलाई मन्त्रालयले यथोचितरुपमा सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

## निर्णयहरु

१. मिति २०८१ भाद्र १४ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय दामोदर भण्डारीज्यूको अध्यक्षतामा बसेको विषयगत समितिको बैठकबाट भएको निर्णय र सोको कार्यान्वयन अवस्थाको समीक्षा गरियो।

२. नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा प्रदेश सरकारका उद्योग क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालयका सचिवहरू सम्मिलित आगामी बैठकहरूमा स्थानीय तहहरूको समेत प्रतिनिधित्व एवम् स्थनीय तहहरूबाट सम्पादन हुने उद्योग, वाणिज्य क्षेत्रसँग सम्बन्धित कार्यहरूको समन्वय तथा सहजीकरणका लागि नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी प्रमुखलाई आमन्त्रण गर्ने।

३. स्थानीयस्तरमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्वदेशी वस्तुको उत्पादन, रोजगारी सिर्जना, आयात प्रतिस्थापन तथा उत्पादित वस्तुको बजार प्रवर्धन गर्ने उद्देश्यकासाथ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशित **सार्वजनिक निकायमा स्वदेशी वस्तुको** प्रयोग

**सम्बन्धी निर्देशिका, २०८१** को प्रभावकारी कार्यान्वयन गर्नु तीनवटै तहको दायित्व भएको हुँदा सो को कार्यान्वयनका लागि सम्बन्धित प्रदेश सरकारको उद्योग, वाणिज्य क्षेत्र हेर्ने मन्त्रालय प्रदेश सरकारका विभिन्न मन्त्रालय, निकाय तथा कार्यालयहरूमा परिपत्र/पत्राचार गर्ने।

४. उद्योगसँग सम्बन्धित नीति, कार्यक्रम तथा योजना तयार गर्दा तीनवटै तहका उद्योग क्षेत्र हेर्ने सम्बन्धित निकायहरूबीच समन्वय र सहकार्यलाई प्राथमिकता दिने।

५. उद्योग दर्ता, नवीकरण, नामसारी, ठाउँसारी, क्षमता विस्तार लगायत उद्योग व्यवसायको प्रशासन र नियमन एवम् सहजीकरण गरी व्यवसायमैत्री बनाउन यस सम्बन्धी सेवाहरू एकै स्थानबाट प्रवाह गर्ने एकल विन्दु सेवा केन्द्र (One stop service center) प्रदेश सरकारको उद्योग, वाणिज्य क्षेत्र हेर्ने निकायमा समेत सञ्चालनमा ल्याउन आवश्यक प्रवन्ध मिलाउने।

६. स्थानीय तहहरूले प्रविधि हस्तान्तरण, सीप तथा प्रशिक्षण, औद्योगिक जनशक्ति उत्पादन, कर्जा प्रवाह जस्ता कार्यक्रमहरू सञ्चालन गर्दा संघ, प्रदेश तथा स्थानीय तहबीच दोहोरो नपर्ने गरी आपसमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने।

७. सरकारी तथा निजीक्षेत्रका उद्योगहरूमा आवश्यक जनशक्ति उत्पादनका लागि हाल सञ्चालित वुटवल प्राविधिक शिक्षालय (BTI) समेतबाट जनशक्ति उत्पादन गर्नेगरी संघ एवम् सबै प्रदेश सरकारबाट आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्ने।

८. प्रदेश उद्योग सचिवहरुबीच आगामी बैठक आर्थिक वर्ष २०८२/८३ को बजेट छलफल अगाडि आयोजना गर्ने।

## ७.३ सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग सम्बन्धी निर्देशिका, २०८१

स्थानीयस्तरमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्वदेशी वस्तुको उत्पादन, रोजगारी सिर्जना, आयात प्रतिस्थापन तथा उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्न सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगलाई थप प्रभावकारी बनाउने उद्देश्यले "सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोगसम्बन्धी निर्देशिका, २०८१" नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृति पश्चात राजपत्रमा प्रकाशित भई कार्यान्वनमा आएको छ। नेपालमा उत्पादित मालसामान पन्ध्र प्रतिशतसम्म महंगो भएतापनि नेपाली मालसामाननै खरिद गर्नुपर्नेछ भन्ने सार्वनजनिक खरिद नियमावलीको व्यवस्थालाई कार्यान्वयनमा सहयोग पुऱ्याउन पनि निर्देशिकाको व्यवस्था गरिएको हो। यस अघि कार्यान्वयनमा रहेको सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ लाई खारेज गरी यो निर्देशिका जारी गरिएको हो। निर्देशिका कार्यान्वन गर्ने सम्बन्धमा सम्बन्धित सरकारी

तथा निजीक्षेत्रका प्रतिनिधिसँग विभिन्न चरणमा छलफल, अन्तरक्रिया तथा सम्वाद गरिएको छ। साथै सार्वजनिक निकायहरुमा निर्देशिका कार्यान्वनका लागि परिपत्रसमेत भएको छ। निर्देशिकाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले "नेपाली उत्पादन" नामक विद्युतीय पोर्टल बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था गरेबमोजिम पोर्टल निर्माणको क्रममा रहेको छ।

## ७.४ औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालक समितिको बैठक सम्पन्न

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५१ मा भएको व्यवस्था कार्यान्वयनका लागि सोही ऐनको दफा ६८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट बाट मिति २०८१/८/२८ मा स्वीकृत "औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालन कार्य विधि, २०८१" को दफा १६ मा व्यवस्था भएको कोष सञ्चालक समितिको बैठक समितिका अध्यक्ष तथा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (उद्योग) सचिव श्री कृष्ण बहादुर राउतज्यूको अध्यक्षतामा मिति २०८१ माघ २ र २०८१ चैत्र १९ गते बसेको छ। समितिको बैठकबाट यस अघि कार्यान्वयनमा रहेका लघु, घरेलु तथा साना उद्योग विकास कोष, लघु, घरेलु तथा साना उद्योग प्रविधि (मेसन, उपकरण) हस्तान्तरण कोष, महिला उद्यमशीलता विकास कोष लगायत कोषहरुको अध्यावधिक अवस्थाको विवरण उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग र लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रले पेश गर्न निर्णय भएको छ।

**२०८१ २ गतेको निर्णयहरु**

१. औद्योगिक तथा लगानी प्रवर्द्धन कोषको परिचय, कोषको उद्देश्य, कार्यक्षेत्र, तथा कार्यक्रम सञ्चालन सम्बन्धमा प्रस्तुतिकरण र छलफल गरियो।
२. यसअघि सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योग विकास कोष, लघु, घरेलु तथा साना उद्योग प्रविधि (मेसन, उपकरण) हस्तान्तरण कोष, महिला उद्यमशीलता विकास कोष लगायत कोषहरुको सम्बन्धमा कोषको सम्पत्ति, दायित्व र एवं लेखापरीक्षण प्रतिवेदन समेतको आधारमा अध्यावधिक अवस्थाको विवरण उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग र लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट माग गर्ने।
३. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५१ र औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ४१

को प्रावधान बमोजिम औद्योगिक तथा लगानी प्रवर्द्धन कोषको खाता सञ्चालनको लागि महालेखा नियन्त्रक कार्यालयमा अनुरोध गर्ने।

४. कोष सञ्चालनको सहजीकरण समन्वय र सहयोगको लागि महालेखा नियन्त्रक कार्यालयको कोष प्रशासन शाखाको प्रतिनिधिलाई समितिको बैठकमा स्थायी आमन्त्रितको रुपमा राख्न महालेखा नियन्त्रक कार्यालयमा अनुरोध गरी पठाउने

## २०८१ चैत्र १९ गतेको निर्णय

१. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा-५१ को उपदफा २ (ग) बमोजिम देहायका कोषहरूमा रहेको रकम ऐनको सोही दफा बमोजिम स्थापित औद्योगिक तथा लगानी प्रवर्धन कोषमा जम्मा हुने व्यवस्था रहेकोले साविकको घरेलु तथा साना उद्योग विभागबाट सञ्चालनमा रहेका विभिन्न कोषहरू विभाग खारेज हुँदा वरवुझारथ गरी लिने उद्योग विभाग र लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रले उक्त कोषहरूमा विनियोजित रकम, कर्जा प्रवाह, व्याज तथा ऋण असुलीको विवरणसहित कोषहरूको अध्यावधिक विवरण तयार गरी मन्त्रालयमा पेस गर्ने, साथै उक्त कोषहरूमा रहेको रकम हालको औद्योगिक तथा लगानी प्रवर्धन कोषमा जम्मा हुने व्यवस्था मिलाउने।

१. लघु, घरेलु तथा साना उद्यम विकास कोष,
२. लघु, घरेलु तथा साना उद्योग/कर्जा प्रवाह कोष,
३. प्रविधि विकास कोष,
४. महिला उद्यमशीलता विकास कोष,
५. जोखिम पूँजी (भेञ्चर क्यापिटल) कोष,

## २०८१ चैत्र १९ गतेको निर्णय

६. रुग्ण उद्योग पुनरउत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कोष,
७. औद्योगिक लगानी संरक्षण तथा प्रवर्धन कोष,
८. रुग्ण उद्योग पुनरउत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कोष,
९. औद्योगिक लगानी संरक्षण तथा प्रवर्धन कोष,

२. मन्त्रालय र मन्त्रालय अन्तर्गत रहेका निकायहरूबाट सञ्चालित बुँदा नं. १ मा उल्लिखित कुन कुन कोषमा के कति रकम विनियोजन भएको छ, विनियोजन भएको मध्ये के कति रकम खर्च भएको छ, लेखापरिक्षण प्रतिवेदन समेतका आधारमा मन्त्रालयको आर्थिक प्रशासन शाखाले अध्यावधिक विवरण तयार गर्ने।

३. औद्योगिक तथा लगानी प्रवर्धन कोष सञ्चालन तथा व्यवस्थान कार्यविधि, २०८१ बमोजिम औद्योगिक तथा लगानी प्रवर्धन कोषबाट आगामी आर्थिक वर्षमा उद्योग विभाग र लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रबाट सञ्चालन गर्ने कार्यक्रमहरूको विवरण यथाशीघ्र तयार गरी मन्त्रालयमा पेस गर्ने।

## ७.५ मेड्पा कार्यक्रमको समिक्षा तथा अन्तरक्रिया र उद्यम विकास सहजकर्ता (इडीएफ) को क्षमता विकास कार्यक्रम

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको चालू आ.ब. को वार्षिक कार्यक्रम अन्तर्गत मेड्पा कार्यक्रमहरुको समिक्षा र उद्यम विकास सहजकर्ता (इडीएफ) को क्षमता विकासका लागि कोशी, लुम्बिनी र मधेश प्रदेशका जिल्लाहरूमा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन भएका थिए । विभिन्न नगरपलिकाका प्रमुख र उप-प्रमुखहरू, गाँउपालिकाका अध्यक्ष र उपाध्यक्षहरू, प्रमुख प्रशासकिय अधिकृतहरू, लघु उद्यम सहजकर्ताहरू एवं मन्त्रालयका प्रतिनिधिज्यूहरूको उपस्थिति रहेको समीक्षा कार्यक्रमको मुख्य उद्देश्य मेड्पा कार्यक्रमको प्रभावकारिता र उपलब्धिहरूको मूल्याङ्कन गर्नु रहेको थियो । लघु उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशिलता विकास र तालिम, प्राविधिक सीप विकास तालिम, वित्तिय सेवामा पँहुच, स्थानीय स्तरमा प्रविधिको पँहुचको अवस्था, स्थानीय तहले लघु उद्यम विकासका लागि गरेका प्रयासहरू साथै लघु उद्यम मार्फत गरिवी निवारणमा पुगेको योगदान लगायतका विषयहरूमा जनप्रतिनिधिहरू, उद्यम सहजकर्ताहरू तथा अन्य उपस्थितिहरूबिच छलफल तथा अन्तरक्रिया भएको थियो ।स्थानीय तहका जनप्रतिनिधिज्यूहरूले लघु उद्यम विकास

मार्फत स्थानीय स्रोत साधनको उपयोग र परिचालन गरी स्थानीयस्तरमा रोजगारी सृजना गरी युवाहरूलाई स्वरोजगार बनाई गरिवी निवारणमा टेवा  पुग्ने विषयलाई महत्वका साथ उठान गर्नुभएको थियो । कार्यक्रममा मन्त्रालयको औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखाका महाशाखा प्रमुख श्री जितेन्द्र बस्नेतज्यूले स्थानीय तहका पदाधिकारीहरूलाई शसर्त अनुदानबाट प्राप्त अनुदानको भरपुर उपयोग गर्दै स्थानीय स्तरका लघु उद्यमीहरूको क्षमता अभिवृद्धि गरी आयआर्जन मार्फत गरिवी निवारण गर्दै देशको अर्थतन्त्रमा योगदान पुर्‍याउने कार्यमा योजनाबद्ध रूपमा अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । साथै प्राप्त जिम्मेवारीलाई ईमान्दारीता पूर्वक पूरा गरी लघु उद्यमको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न लघु उद्यम सहजकर्ताहरूलाई सुझाब दिनुभएको थियो ।

### ७.६ प्रदेशस्तरमा निजीक्षेत्र लगानीकर्ता र विकाससाझेदारसँग अन्तरक्रिया कार्यक्रम

मिति: २०८२/०१/१२ गते निजी क्षेत्र, लगानीकर्ता र विकास साझेदारहरूसँग गण्डकी प्रदेशस्तरीय संवाद तथा अन्तर्क्रिया कार्यक्रम गण्डकी प्रदेशको पोखरामा सम्पन्न गरिएको छ। गण्डकी प्रदेशका माननीय उद्योग तथा पर्यटन मन्त्रीज्यूको समुपस्थिति रहेको कार्यक्रममा प्रदेश मन्त्रालयका सचिवज्यूहरु, कास्की जिल्लाका स्थानीय तहका प्रमुख/अध्यक्षज्यूहरु, प्रमुख जिल्ला अधिकारी तथा प्रदेश तथा जिल्ल स्तरीय निजी क्षेत्रका संघ संस्थाका प्रतिनिधि सहितको उपस्थितिमा औधोगिक विकास तथा लगानी प्रभावकारीता, औधोगिक बौद्धिक सम्पत्ति तथा निर्यात प्रवर्धन सम्बन्धमा सरोकारवालाबीच अन्तर्क्रिया सञ्चालन गरी समीक्षा तथा सुझाव संकलन गरिएको थियो। यस मन्त्रालयको वार्षिक कार्यक्रममा समावेस गरे बमोजिम कोसी प्रदेशको विराटनगर, लुम्बिनीको बुटवल, मधेस प्रदेशको सिमरामा अन्तर्क्रिया कार्यक्रम गरी राय सुझाव संकलन गर्ने कार्य सम्पन्न भएको छ।

### ७.७ नेपाल व्यवसाय मञ्चको बैठक सञ्चालन

मिति २०८१ चैत्र १२ गते उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय मन्त्रिज्यूको अध्यक्षतामा नेपाल व्यवसाय मञ्चको बैठक सम्पन्न भएको छ। उक्त वैठकले मिति २०८१।१०।२९ गतेको उद्योग-वाणिज्य प्रवर्धन संवाद परिषद् बैठकका निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्ने लगाएतका निर्णयहरु गरेको छ।

## निर्णयहरु

१. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८१।१०।२९ गतेको उद्योग-वाणिज्य प्रवर्धन संवाद परिषद् बैठकमा यस क्षेत्रसँग सम्वन्धित निर्णय कार्यान्वयनका सम्वन्धमा छलफल भयो। उक्त परिषद् बैठकका निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला निकायहरूले आगामी आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रम र वार्षिक बजेटमा समावेश गर्ने।

२. औद्योगिक तथा व्यवसायिक वातावरण सुधार गरी लगानी अभिवृद्धि गर्न उद्योग तथा व्यवसायसँग सम्वन्धित आयोजनाको लागि विभिन्न निकायबाट प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment-EIA) स्वीकृत हुन लामो समय लाग्ने एवम् वातावरणीय परीक्षण तथा मूल्याङ्कनको थ्रेसहोल्ड कम हुँदा उद्योगधन्दा सञ्चालनको समय बढी लाग्ने गरेको तथा उत्पादन लागत बढ्न गएको विषयमा छलफल हुँदा सम्वन्धित निकायले IEE र EIA को स्वीकृति हुने गरी सहजीकरण हुन र साविकको थ्रेसहोल्ड पुनरावलोकन गरी समयानुकूल बनाउन आवश्यक कानुनी सुधारका लागि सम्वन्धित मन्त्रालय/ निकायमा लेखी पठाउने।

३. औद्योगिक कच्चा पदार्थ र तयारी वस्तुको रूपमा खपत हुने सामग्री आयात गर्दा भन्सार विन्दुमा तयारी वस्तुको भन्दा औद्योगिक कच्चा पदार्थको भन्सार महसुल बढी हुँदा औद्योगिक उत्पादनको मूल्य प्रतिस्पर्धी हुन नसकेको कारण नेपालका उद्योगहरू धरासायी भएको विषयमा छलफल हुँदा आगामी आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा आर्थिक ऐनमा कच्चापदार्थ र तयारी वस्तुमा लाग्ने भन्सार महसुलमा दुई तहको फरक गर्न अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।

४. लघु, घरेलु तथा साना उद्योगको प्रवर्धनका लागि बैंक तथा वित्तीय क्षेत्रबाट १५ प्रतिशतसम्म कर्जा प्रवाह गर्ने विद्यमान कानुनी व्यवस्थाको प्रभावकारिता नभएको सम्वन्धमा छलफल हुँदा उक्त कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने।

५. नेपालका उद्योगहरूबाट उत्पादित वस्तु तथा उद्योगका लागि आयात गरिएका कच्चा पदार्थमा “अन्तशुल्क नलाग्ने भनी तोकिएका वस्तु बाहेक” का सबै वस्तुमा अन्तशुल्क लाग्ने व्यवस्थाका कारण उद्योगी/ व्यवसायीलाई धेरै नै करको भार परेको विषयमा छलफल हुँदा अन्तःशुल्क लाग्ने वस्तुहरूको स्पष्ट विवरण आर्थिक ऐनको अनुसूची खण्डमा समावेश गर्ने व्यवस्थाका लागि अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।

६. उत्पादनमूलक उद्योगहरू दिन प्रतिदिन घट्दै गइरहेको र नयाँ लगानी पनि आउन नसकी कूल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक क्षेत्रको योगदान समेत घट्दै गइरहेको विषयमा छलफल हुँदा बैंक तथा वित्तीय संस्थाहरूबाट उत्पादनमूलक उद्योगहरूलाई लिइने कर्जाको व्याजदर व्यवसायिक क्षेत्रमा लिइने व्याजदर भन्दा कम गराउन नीतिगत व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने।

७. नेपालका वन जङ्गलमा खेर गइरहेका काठ लगायतका वन पैदावरको समुचित व्यवस्थापन, बजारीकरण एवम् सदुपयोग गरी स्वदेशी काष्ठ तथा फर्निचर उद्योग प्रवर्द्धन गरी आयातलाई प्रतिस्थापन गर्ने विषयमा छलफल हुँदा काठ लगायतका वन पैदावरको उपयोगलाई सहज बनाउन कानूनी सुधार लगायतका व्यवस्थापकीय कार्य गर्न वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्ने।

८. विदेशस्थित नेपाली कुटनीतिक नियोगहरूमार्फत आर्थिक कुटनीतिका माध्यमद्वारा वैदेशिक लगानी प्रवर्द्धन, थप द्वीपक्षीय तथा बहुपक्षीय लगानी सम्झौता (Bilateral Investment Agreement- BIA) र दोहोरो करमुक्ति सम्झौता (Double Tax Avoidance Agreement-DTA) का लागि आवश्यक सहजीकरण गर्ने विषयमा छलफल हुँदा विदेशस्थित नेपाली कुटनीतिक नियोगहरूबाट उक्त विषयमा आवश्यक पैरबी तथा सहजीकरण हुनका लागि परराष्ट्र मन्त्रालयमा अनुरोध गर्ने।